# म्याग्दे गाउँपालिका
# Myagde Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

छाङ्ग, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. (Ref.No.):- २०८१/०८२
च.नं. (Dis.No.):-

मिति (Date):- २०८२/०३/१

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छ.ङ्ग तनहुँ गण्डकी प्रदेश नेपाल २०७३

## तहवृद्धि सम्वन्धी सूचना।

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहबृद्धिको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित सर्तहरु पुरा भएका म्याग्दे गाउँपालिकामा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले तह वृद्धिको आवेदन फाराम नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लेखित विवरण खुलाई ४ प्रति तयार गरी सुचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२।०३।१५ गते) कार्यालय समय भित्र कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आबेदनलाई स्तरवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**१) स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क. अधिकृत स्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक / अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमश : सहायक पाचौं, अधिकृत स्तर सातौँ र अधिकृत स्तर नवौं तहको पदमा पाँच बर्ष सेवाअवधि पुरा भएको हुनु पर्ने

ख. अधिकृत स्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक / अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमश : साहयक पाचौँ, अधिकृत स्तर सातौँ र अधिकृत स्तर नबौँ तहको पदमा पाँच बर्षको कार्य सम्पादन मुल्याङ्कमा कम्तिमा ९५ % अंक प्राप्त गरेको हुनु पर्ने।

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन ) ऐन २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागी सम्भाब्य उम्मेद्वार हुन अयोग्य नभएको हुनु पर्ने।

**२) स्थानीय सेवाको स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ दफा २७ को उपदफा (३) बमोजिम (स्वास्थ्य सेवा ऐन २०५३ एवं नियमावली, २०५५) बमोजिमको सेवा सर्त र अवधी पुरा गरेको हुनु पर्ने।

ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ बमोजिम स्तर वृद्धिको लागी आवश्यक पर्ने कागजात संलग्न गरेको हुनु पर्ने।

ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकारात्मक सुचिमा नपरेको हुनुपर्ने। घ. स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसुची (११) बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधीको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र। ( साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हजिरी एवं अवधी खुल्ने कागजातहरु, कामकाज गर्न खटाईएको पत्र, रमाना पत्र र हाजिरीको जानकारी पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने) ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्ति भएका कर्मचारीहरुले यस गाउँपालिकामा समायोजन भएको पत्रको प्रतिलिपि।

च. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिको लागी सम्भाब्य उम्मेद्वार हुन अयोग्य नभएको हुनु पर्ने।

२०८२/०३/०१

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

"आत्मनिर्भर समृद्ध म्याग्देको आधार- मानव विकास कृषि पर्यटन र पूर्वाधार"

**Website:** www.myagdemun.gov.np **Phone No.:** 065-400108, **E-mail:**myagderumun@gmail.com

३) स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नु पर्ने अन्य कागजातहरु :

क. आवेदन फारामको सम्पुर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरण स्पस्ट खुलाउनु पर्नेछ ।

ख. सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।

ग. तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तर वृद्धिको प्रमाणित प्रतिलिपि

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम म्याग्दे गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रतिलिपि ।

ङ. अध्यावधिक कर्मचारिको विवरण (PIS) ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत